मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन:-०४८-५४०११

प.सं.:-०७८/७९
च.नं.:-

## युवा उद्यम कार्यक्रम सञ्चालन गर्न प्रस्तावपत्र पेश गर्ने सम्वन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०७८।०५।०१)**

मन्थली नगरपालिकाको चालु आ.व.२०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार युवा उद्यम कार्यक्रम सञ्चालन गर्न इच्छुक तोकिएको योग्यता पुगेका युवा उद्यमीहरुको साझेदारी फर्म/उद्योग/समुहहरुले आवश्यक कागजात सहित मन्थली नगरपालिकाको युवा उद्यम कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को अनुसूचि २ र ३ मा तोकिए वमोजिमको ढाँचामा निवेदन र व्यवसायिक योजना तयार गरी प्रस्तावपत्र सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा रित पुर्वक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**क) प्रस्ताव पेश गर्न सकिने उद्यमक्षेत्रहरु :**

१. कृषि तथा पशुपंक्षीमा आधारित उद्यम ब्यवसाय,
२. वन (जडिवुट्टी, वन पैदावर) आधारित उद्यम ब्यवसाय,
३. विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम ब्यवसाय,
४.पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम ब्यवसाय,
५. निर्माणमा आधारित उद्यम ब्यवसाय,
६.हस्तकला, मुर्तिकला, चित्रकलामा आधारित उद्यम ब्यवसाय,
७. संस्कृति, साहित्य, श्रृजना, गित संगितमा आधारित उद्यम ब्यवसाय,

**ख) योग्यता : देहायको योग्यता पुगेका युवा उद्यमी फर्म/उद्योग/समुहले मात्र निवेदन दिन सक्नेछन् :**

१. मन्थली नगरपालिकाको कुनै एक वडा भित्रका ५ देखि १० जना १६ वर्ष पुरा भई ४० वर्ष ननाँघेका बेरोजगार युवाहरु सम्मिलित प्रचलित कानुन वमोजिम दर्ता/नविकरण भएको,
२. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको
३. सरकारी चलअचल सम्पतिको दुरुपयोग वा हानी नोक्सानी नगरेको,
३. कम्तीमा आधारभुत तह (कक्षा ८) उतिर्ण गरेका ५० प्रतिशत महिला युवाहरु सदस्य भएको,
४. युवा हक हित संरक्षण र संवर्द्धनको क्षेत्रमा काम गर्ने उद्देश्य भएको,
५. कालो सूचीमा नपरेको,
६. मानसिक सन्तुलन ठीक भएको ।

**ग) प्राथमिकता :**

१.मेडपा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, व्यावसायिक सीप विकास तालिम केन्द्र आदि जस्ता उद्यम सम्बन्धी तालिम प्रदायक संस्थाबाट तालिम प्राप्त गरेका युवाहरु सम्मेलित फर्म/उद्योग/समुह,
२. सिमान्तकृत तथा उद्यमी युवाहरु भएको ।
३. बैदेशिक जोरगारीबाट फर्केका युवाहरु ।

**घ) छनौट गरिने युवा फर्म/उद्योग/ समुह संख्या :** कार्यालयको निर्णय अनुसार ।

**ङ) उपलब्ध हुने बजेट :**

छनौट भएका प्रत्येक युवा फर्म/उद्योग/ब्यवसाय/ समुहलाई रु १,००,०००। (एक लाख रुपैया) देखि ५००००० ।- (पाँचलाख रुपैया) सम्म (तोकिएको बमोजिमको सर्तमा) उपलब्ध हुनेछ ।

**च. निवेदन र कार्ययोजनाको ढाँचा यस नगरपालिकाको वेभसाइट : www.manthalimun.gov.np बाट युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७६ डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

*थप जानकारीको लागि मन्थली नगरपालिकाको कार्यालय, आर्थिक विकास शाखा वा फोन नं. ०४८-५४०५९८ मा सम्पर्क राख्न सकिनेछ । प्रस्ताव पेश गर्ने अन्तीम दिन सार्वजनीक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय सम्म प्रस्ताव पेश गर्न सकिनेछ ।*

# अनुसूची – २

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

**युवा उद्यमको लागि दिइने निवेदनको ढाँचा**

मिति ....................

श्रीमन्थली नगरपालिकाको कार्यालय, मन्थली

विषयः व्यावसायिक उद्यम सञ्चालनका लागि निवेदन पेश गरेको ।

उपर्युक्त सम्बन्धमा हामी तपशिलका ब्यक्तिहरुले यस मन्थली नगरपालिकाअन्तर्गतको वडा नं...........मा ............................ व्यावसायिक (उद्यमको नाम) देहायको व्यावसायिक क्षेत्रमा सञ्चालन गर्न चाहेको हुनाले प्रविधि र व्यवस्थापनको लागि युवा उद्यम सञ्चालन निर्देशिका, २०७६ वमोजिम उपलब्ध गराइने ऋण सहयोग पाँउ भनी निर्देशिकाले निर्धारित गरेको शर्तहरुमा मन्जुर गरी तपसिल अनुसारको विवरण सहितको आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौं ।

संस्थागत विवरण

१. युवा समूहको नामः ..................................

२. युवा समूहको ठेगानाः जिल्लाः .....................नगरपालिका...............................वडा नं......स्थानः..........................

३.समूह-उद्यमको दर्ता नंः .......... ४. दर्ता भएको जिल्लाः ........ ५. दर्ता मितिः ...................
६.नवीकरण मितिः .......... ७. स्थायी लेखा नम्बर भए (PAN)............................८. सम्पर्क व्यक्तिको नामः .......................... .पदः........................ ठेगानाः .........................सम्पर्क नम्बरः ............. समूह अध्यक्षको नाम ................ समूह- उद्यमको छाप ........... ६. निवेदक युवा समूहका सदस्यहरुको विवरणः परिच्छेद ३ दफा ५(१) को प्रकरण (ख),(ग), (ङ) र दफा ५(३) को (घ) मा भएको व्यवस्था सम्बन्धमा पुर्ण सहमत छौ अन्यथा भएको खण्डमा कानुन बमोजिम सहने छौ ।

| क्र.सं. | नामथर | पद | उमेर | शैक्षिक योग्यता | स्थायी ठेगाना | संपर्क फोन नं. | इमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

निवेदन साथ पेश गर्नु पर्नेकागजातहरु:

१. एउटै वडाको १६ देखि ४० वर्षका उमेरका १० जना युवा (कम्तिमा पनि ५० प्रतिशत महिला) को सूची थान – १

२. सम्बन्धित निकायमा संस्था दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि थान – १

३. पाँच वर्षे व्यावसायिक योजना (व्यावसायिक उद्यम कृषि, वन, पशुपङ्क्षी, विज्ञान, सूचना प्रविधि, सञ्चार, कला संस्कृति, पर्यटन प्रवर्द्धन, निर्माण आदि स्थानीय स्रोत साधनमा आधारित हुनुपर्नेछ) थान – १

४. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको नागरिकताको प्रतिलिपि

५. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (कम्तिमा आधारभूत तह कक्षा ८ उतिर्ण गरेको हुनुपर्नेछ)

६. व्यावसायिक उद्यम सञ्चालन गर्नका लागि आवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपि थान – १

७. तालिम प्राप्त भए प्रमाणपत्रको प्रतिलिपि,

८. स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि,

९. गत आ. व. को लेखा परिक्षणको प्रतिवेदन ।

# अनुसूची –३

(दफा ६ को उपदफा ३ सँग सम्बन्धित)

## व्यवसायिक योजनाको ढाँचा

| क्र.सं. | विवरण | अन्य विवरण |
|---|---|---|
| १ | व्यवसायको नाम,संक्षिप्त परिचय र उद्देश्य | नाम ..................................................... :<br>उद्यमको संक्षिप्त परिचय.................................................<br>उदेश्य....................................................<br>विषय.................................................... क्षेत्र/<br>उद्यमबाट उत्पादन हुने बस्तुको<br>नाम ............................................ |
| २ | ठेगाना | जिल्ला गापा/नपा ............निर्वाचन क्षेत्र नं ...................<br>सम्पर्क ............... टोल .............. .वडा नं ...............<br>................नं |
| ३ | संलग्न हुने अनुमानित जनशक्ति | महिल..................पुरुष...................प्राप्ति ............ (स्वदेश वा विदेशबाट) |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम ...................<br>स्रोत ................................. ( स्थानीय वा बाह्य) |
| ५ | प्रयोग हुने मेशिनरी अौजारको विवरण | नाम .............. अनुमानित लागत ................<br>........... (बाहृय/स्थानीय)स्रोत |
| ६ | अनुमानित लागत | कुल रु अचल पुँजी रु ......... चल पुँजी रु ................<br>...........<br>अचल पूँजिको नाम.......... |
| ७ | उत्पादित वस्तुको बजारक्षेत्र | बजारको नाम ढुवानी खर्च ................ दुरी ................<br>.............. |
| ८ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु...............<br>वार्षिक अनुमानित नाफा रु ............... |
| ९ | रोजगारी पाउने युवाको अनुमानित संख्या | महिला ...........पुरुष............. जम्मा................. |
| १० | अन्य | |

१०. उद्यम समूहको विवरण

युवा उद्यम समूहको नामः

उद्यममा संलग्न हुने युवाहरुको विवरणः

| क.सं. | नामथर | पद | लिङ्ग | ठेगाना | उमेर | शै . योग्यता | तालिमको नाम र अवधि | संपर्क नम्बर | निवेदकको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

नोटः यो व्यवसायिक योजनाको एउटा नमूना हो। उल्लेखित विवरणहरु नछुटाई विस्तृत सूचना समावेश हुने गरी सृजनात्मक रुपमा व्यवसायिक योजना बनाउन सकिनेछ ।

समूह/संस्थाको छाप

समूह/संस्था, उद्योगको अध्यक्षको

दस्तखतः

नामथरः

मितिः